बैठक नं.१९

आज मिति २०८३/०३/३१ गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको १२:३० बजे ।

स्थान : बुट्वल उपमहानगरपालिका, नगरकार्यपालिकाको सभाहल ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | सुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पद्मराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | दीपक ज्ञवाली | प्रमुख प्रशासकीय अधिकृत | |

प्रस्ताव नं. १९.१

मिति २०८३/०३/२३ मा बसेको नगरकार्यपालिकाको १८ औं वैठकबाट पारित भएका निर्णयहरुको समीक्षा सम्बन्धमा।

निर्णय नं. १९.१

- बुटवल उपमहानगरपालिकाको भू-उपयोग वर्गीकरण मापदण्ड सहितको भू- उपयोग वर्गीकरण योजना स्वीकृत गरिएको ।
- मिति २०८३/०१/३१ मा बसेको नगरकार्यपालिकाको बैठकबाट सम्बन्धित वडाका वडा अध्यक्ष संयोजक रहने गरी गठित कार्यदलहरुबाट प्राप्त हुन आएका प्रतिवेदनहरु पेश भई छलफल गरिएको ।
- बुटवल मजुवा स्थित फोहोर व्यवस्थापन स्थलका अति प्रभावित २३६ परिवारका व्यक्तिको निशुल्क स्वास्थ्य वीमा गरिदिने गरी निर्णय लिइएको ।
- तीनवटै सरकारको साझेदारीमा वैदेशिक रोजगारी सम्बन्धी न्यूनत्तम सेवाहरुलाई संस्थागत रुपमा संचालन गर्न आवश्यक स्रोत व्यवस्थापन गर्ने गरी निर्णय लिइएको ।
- नदीजन्य पदार्थको उत्खनन् र संकलन सम्बन्धी कार्ययोजना स्वीकृत गरिएको ।
- बुटवल उपमहानगरपालिकामा बहाल रहेका कर्मचारीहरुले प्रचलित कानून र आचारसंहिताको पूर्ण रुपमा परीपालना गर्ने गरी आवश्यक निर्णय लिइएको ।

प्रस्ताव नं. १९.२

वेरुजु नियमित तथा सम्परीक्षण सम्बन्धमा ।

निर्णय नं. १९.२

बुटवल उपमहानगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को महालेखा परीक्षकको कार्यालयबाट प्राप्त लेखा परीक्षण प्रतिवेदनमा उल्लेख भएका बेरुजुहरुका सम्बन्धमा लेखा समितिको विभिन्न मितिमा बसेको बैठकमा दफावार छलफल भई बैठकको निर्णयहरुबाट तपसिल बमोजिमका बेरुजु दफाहरु फर्छ्यौट नियमित एवं सम्परीक्षणका लागि सिफारिस भई आएको हुँदा सोही बमोजिमको बेरुजुहरु नियमित तथा सम्परीक्षणका लागि नगरसभाको १९ औं अधिवेशनको चौंथो बैठकमा पेश गर्ने निर्णय गरियो।

**१. आर्थिक बर्ष २०८१/८२ को बेरुजु दफा १४ (जिन्सी दाखिला) सम्बन्धी निर्णयः**

भौचर नम्बर २१८ बाट ३ वटा विद्यालयको लागि भुक्तानी भएका ICT सामानहरु विद्यालयले खरिद गरी जिन्सी सामानको विवरण र मूल्य समेत खुलाई तोकिएको उपयुक्त वर्गीकरण अनुसार आम्दानी बाधि दाखिला प्रतिवेदन सहित भुक्तानीको लागि रकम माग गरेको, सामानहरुको फोटोसहित पेश भएको साथै उपप्रमुख श्री सावित्रा देवी अर्यालको नेतृत्वमा अनुगमन समितिवाट विद्यालयमा गई सामान हेरि दुरुस्त देखिएको भनि रकम भुक्तानीको लागि सिफारिस भई रकम निकासा भएको भनि लेखा समितिवाट उक्त बेरुजु नियमित एवं सम्परीक्षणको लागि निर्णयभई आएकोले उक्त बेरुजु रकम रु.१९,४६,२२३ नियमित गरी फर्छ्यौट गर्ने ।

२.आ.ब.२०८१/८२ को बेरुजु दफा नं. ३३ (सामान खरिद सम्बन्धमा) निर्णय:

यस उपमहानगरपालिकाबाट चिसापानी वृहत खानेपानीको लागि २०८३ चैत्र महिनामा नेशनल हार्डवेयर एण्ड कलर हाउसबाट रु. ५,६४,७०६ बराबरको सामान खरिदगरी सोहीदिन हस्तान्तरण गरिएको र हाल फिल्ड निरीक्षण गर्दा समेत खानेपानी पाइप जडान गरेको बुझिन आएकोले बेरुजु फर्छयौटको लागि लेखा समितिबाट यस सभामा सिफारिस गर्ने निर्णय भएकोले उक्त बेरुजु रकम रु ५,६४,७०६।०० नियमित एवं फर्छयौट गर्ने।

३.आ.ब.२०८१/८२ को बेरुजु दफा नं ३५ (ज्यालादारी कर्मचारी) सम्बन्धी निर्णय :

लुम्बिनी प्रदेशको स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा १७(१) मा यो ऐन प्रारम्भ भएपछि स्थानीय सेवाका कर्मचारीले गर्नुपर्ने कामका लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ती गर्न नपाइने व्यवस्था छ। नेपाल सरकारले कर्मचारी समायोजनको समयमा स्वीकृत गरेको कर्मचारी विवरणलाई आधारमानी यस कार्यालयको कार्यबोझ र जनताको सेवा सहज वितरणको लागि जनसंख्यासमेतलाई आधार मानी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(१०) बमोजिम यस कार्यालयबाट संगठन तथा ब्यवस्थापन सर्वेक्षण र सो को स्वीकृति भएको छ। राष्ट्रिय किताबखानाले प्रदेशस्तरमा सेवा विस्तार गरी पद दर्ताको सम्पूर्ण कार्यको लागि पोर्टल हस्तान्तरण २०८२ कार्तिक २७ गते मात्र सम्पन्न भएकोकारण यस नगरपालिकाको सम्पूर्ण पद दर्ता गरी सो बमोजिम पदपूर्तिको लागि माग आकृति फारममा भरि लोकसेवाबाट स्थानीय पदपूर्ति नभए सम्मको लागि करार ज्यालादारीमा राखिएको छ ।ऐनको सोही दफाको उपदफा (२) मा उपदफा (१) विपरीत वा यस ऐन बमोजिम तोकिएको अवधिभित्र पदपूर्तिका लागि माग नगरी भन्ने बाक्यांसमा लोकसेवा आयोगबाट पदपूर्ति नहुने समयसम्मको लागि काममा लगाउन बाधा पर्ने नदेखिएकोले पद दर्ता पश्चात पदपूर्ति नहुने समय सम्मको लागि काममा लगाइएको हो।करार सेवाबाट कार्य गराउने विभिन्न पदमा करारमा राख्दा भन्दा दैनिक ज्यालादारीमा काममा लगाउँदा कम आर्थिक भार र दायित्व पर्ने हुन्छ ।यस पालिकाले कतिपय पदमा करार र ज्यालादारीमा जनशक्ति ब्यवस्था नगर्दा सेवा प्रवाह ठप्पहुने अबस्था भएकोले काममा लगाइएको छ। प्रदेश लोकसेवा आयोगबाट नियुक्तीको लागि सिफारिस भई आएपछि करार र ज्यालादारीमा रहेका जनशक्ति स्वतः हटाउने गरी अल्पकालिन ब्यवस्था भएको भनि लेखा समितिबाट निर्णय भई आएकोले हालको लागि उक्त बेरुजु रकम रु. ७२,०१,९३१.२१ नियमित गरी सम्परीक्षण गर्ने।

४.आ.ब.२०८१/८२ को बेरुजु दफा नं ४१.१ (ई रिक्सा अनुगमन सम्बन्धमा) निर्णय

लुम्बिनी प्रदेश आर्थिक मन्त्रालयबाट स्थानीय तहको लागि कार्यसञ्चालनको मापदण्ड वा निर्देशिका जारी नभएको अबस्थामा यस कार्यालयको प्रमुख प्रशासकीय अधिकृतस्तरको निर्णय बमोजिम बैठक भत्ताको दरलाई आधार मानी रु.१००० लाई आधार लिएर लागत अनुमान स्वीकृत गरी सडकमा रहेका ई- रिक्साको सम्बन्धमा चेक जाच र अनुगमन बापतको बैठक भत्ता भएकोले सो रकम लेखा समितिको सिफारिस बमोजिम नियमित गरी फर्छयौटको गर्ने, नियमित गरी फर्छयौट गरिएको रकम रु. ७,४८,८००।

५.आ.ब.२०८१/८२ को बेरुजु दफा नं ४१.२ (ई-रिक्सा अनुगमन सम्बन्धमा) को

निर्णय:

यस उपमहानगरपालिकाको विनियोजन ऐन बमोजिमको अनुसूची १३ को ३ बमोजिमको आधारमा रकम भुक्तानी दिइएकोले उक्त खर्च नगरसभाबाट नियमित गरी फर्छ्यौट गर्ने निर्णय गरिएको रकम रु.१,०८,६२५।००

६.आ.ब.२०८१/८२ को बेरुजु दफा नं ४२ (कर्मचारी जीवन बीमा प्रिमियम) सम्बन्धी

निर्णय :

यस उपमहानगरपालिकामा कार्यरत कर्मचारीहरुमध्ये सावधिक जीवन बीमा कट्टी नहुने साविक स्थानीय निकायबाट समायोजन भएका र विगत लामो समय देखि नै जीवन बीमा प्रिमियम पाइरहेका कर्मचारीहरुलाई जीवन बीमा प्रिमियम भुक्तानी गरिएको हो। निजामती कर्मचारीहरुको बीमा कट्टी वापतको सुविधालाई आधार मानी मासिक ८००।-का दरले वार्षिक रु.९६०० वा बीमा प्रिमियम भुक्तानी बिलमध्ये जुन रकम न्यून छ सो रकम भुक्तानी भएको हुँदै आएकोले पालिकाले यस वर्ष कर्मचारी जीवन बीमा प्रिमियम वापत प्रति कर्मचारी रु.९६००।- का दरले कुल बजेट खर्च रु. ९,२५,८२६लेखा समितिबाट सम्परीक्षणको लागि सिफारिस भएकोले फर्छ्यौट एवं सम्परीक्षण गर्ने।

७.आ.ब.२०८१/८२ को बेरुजु दफा नं ४३ (दरवन्दी वाहिरको करार) सम्बन्धी निर्णय:

लुम्बिनी प्रदेशको स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा १६(१) मा स्थानीय सेवाको पदमा यस ऐनमा व्यवस्था भएदेखि बाहेक अन्य तरिकाबाट पदपूर्ति गर्न नहुने व्यवस्था छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ को उपदफा ८ मा नगरप्रहरी, सवारी चालक, सयस, कार्यालय सहयोगी, पलम्बर, इलेक्ट्रिसियन, चौकीदार, माली, बगैंचे र सरसफाई सम्बन्धित पदमा सेवा करारबाट मात्र लिन सकिने व्यवस्था छ तथापि माथि उल्लेखित पद बाहेक अत्यावस्यक सेवा अन्तर्गत नागरिकको स्वास्थ्य सेवा पाउने अधिकारको लागि यस उपमहानगरपालिका अन्तरगत रहेका स्वास्थ्य संस्थाहरु - शहरी स्वास्थ्य प्रवर्धन केन्द्र-१, आधारभुत स्वास्थ्य केन्द्र-१०,स्वास्थ्य चौकी-५ र शहरी स्वास्थ्य केन्द्र-५ गरि १८ वटा स्वास्थ्य संस्था रहेका छन । ति संस्थको लागि नेपाल सरकारवाट स्वीकृत दरवन्दी न्यून रहेको छ। नागरिकको स्वास्थ्यको अधिकारलाई सम्बोधन गर्न उपमहानगरपालिकाले स्वास्थ्य सेवा तर्फको स्वास्थ्यतर्फका सहायक पाँचौं, पब्लिक हेल्थ नर्स, ल्याब असिस्टेन्ट, अनमी गरी २३ वटा दरवन्दी स्वीकृत गरी नगरसभाको म्यान्डेट बमोजिम तलब भुक्तानी भएकोले उक्त खर्च रकम नियमित गरी बेरुजु फर्छ्यौटको लागि नियमित गर्ने, (नियमित भएको रकम रु.५९,६४,३९७)

**८.आ.ब.२०८१/८२ को बेरुजु दफा नं ४५.२(ख) (नर्म्स भन्दा वढी भुक्तानी) सम्बन्धी निर्णय:**

बुटवल उपमहानगरपालिकाको आर्थिक तथा आन्तरिक नियन्त्रण कार्यविधि, २०८० पहिलो संशोधन २०८१को परिच्छेद-७ को दफा १५(२क) मा प्रशिक्षकलाई प्रति सेसन रु. २०००।- र कार्यपत्र वापत रु.१०००।- भुक्तानी गर्न सकिने व्यवस्था छ। उपमहानगरपालिकाले सहकारी शाखा मार्फत २ वटा तालीम संचालन गर्दा उक्त नर्म्स बमोजिमनै खर्च गरी बिल भरपाइको रकम भुक्तानी गरेको छ। लेखा समितिवाट उक्त कार्यक्रमका विल भरपाइ अध्ययन गर्दा पालिकाले सञ्चालन गरेका ती कार्यक्रममा आन्तरिक प्रशिक्षकलाई कार्यपत्र वापतको भत्ता भुक्तानी गरेको नदेखिएकोले उक्त रकम फर्छयौटको लागि सिफारिस भएको हुँदा उक्त बेरुजु रकम नियमित गर्ने। तालीममा संयोजकको नाममा उल्लेख भएको रकम रु.७०००।- मध्ये सोही कार्यविधिको दफा १५(२)ङ बमोजिम संयोजक भत्ता प्रतिदिन १ हजारका दरले दिन सकिने व्यवस्था भइ सोही बमोजिम सात दिनको तालीममा ७०००।- भुक्तानी भएकोले कार्यविधि बमोजिम भुक्तानी भएकोले उक्त बेरुजु नियमित एवं सम्परीक्षण गर्ने ।

**९.आ.ब.२०८१/८२ को बेरुजु दफा नं ४६ (बढि भुक्तानी) सम्बन्धी निर्णय :**

जितगढी तेक्वान्दो विकास समितिले गरेको कार्यमा अन्तिम किस्ता भुक्तानी हुदा संलग्न प्राविधिक मूल्यांकन र उपभोक्ताले पेश गरेका विल भर्पाइ लेखा समितिले अध्ययन गर्दा दुरुस्त रहेको देखिएको भनि निर्णय गरेकोले सो बमोजिम उक्त बेरुजु नियमित एवं फर्छयौट गर्ने निर्णय गरिएको रकम रु. ९,२१८।

**१०.आ.ब.२०८१/८२ को बेरुजु दफा नं ४८ को (खरिद प्रतिस्पर्धा नभएको) सम्बन्धमा निर्णय :**

यस उपमहानगरपालिका र वडा कार्यालयबाट कुनै विषयमा अध्ययन अवलोकनको लागि जानु पर्दा उक्त स्थानमा बुटवलवाट सिधा सार्वजनिक बस सेवा नहुने स्थानमा सवारी भाडामा लैजाने क्रममा किलोमिटरको आधारमा भाडामा सवारी साधन उपलब्ध नभइ महंगो पर्न गएको हो। अवलोकन भ्रमणको मिति निश्चित भइसके पछि कोटेशन लिएर सेवा खरिद गर्न प्रयाप्त समय बाँकी नरहेकोले सम्झौताका आधारमा सवारी साधन भाडामा लिइएको हो। आगामी समय देखि यस्तो भ्रमण कार्यमा उल्लेखित सुझाब कार्यान्वयनको लागि कार्यालयलाई निर्देशन दिदै हाललाई उक्त बेरुजु नियमित गर्ने नियमित भएको रकम रु. ४,३०,०००।

## ११.आ.ब.२०८१/८२ को बेरुजु दफा नं ५७ (अन्य निकायको अवलोकन भ्रमण खर्च भुक्तानी) सम्बन्धी निर्णय :

यस उपमहानगरपालिकाले आफ्नो क्षेत्र भित्र भौतिक पूर्वाधारको विकासका साथसाथै सामाजिक क्षेत्रको विकास र परिचालनका विभिन्न गतिविधि संचालन गर्दै आएको छ । युवा वर्ग, महिला, एकल महिला आदि लक्षित समुदायको क्षमता विकासको लागि विभिन्न कार्यक्रमहरु संचालन गरेको छ । यस उपमहानगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) को (घ) बमोजिम स्थानीय सहभागिता जुटन सक्ने र (च) बमोजिम महिला लक्षित बर्गको क्षमता विकासको लागि कार्यक्रम संचालनको लागि वडा कार्यालयको सिफारिसमा तपसिल बमोजिमका कार्यक्रम संचालन भई भुक्तानी भएको र उक्त अध्ययनको प्रतिवेदन समेत पेश गरेकोले सो कार्यको बेरुजु नियमित गर्ने।

| निर्णय नं./मिति | विवरण | प्राप्त उपलब्धी | रकम |
|---|---|---|---|
| २५०५/२०८१।३।१२ | उज्ज्वल युवा क्लबलाई उक्त क्लबका पदाधिकारीहरुको अवलोकन भ्रमण | युवा समुह नगरपालिकाको कार्यक्रममा सहकार्य गर्ने र परिचालित हुने । | ७५,००० |
| २१२६/२०८२।२।१९ | एकल महिलालाई भ्रमण खर्च भुक्तानी | एकल महिलाको क्षमता विकास भई सहकार्यका साथ नगरका कार्यक्रममा सहभागी हुने गरेको । | ६०,००० |

नियमित गरिएको रकम १,३५,०००

## १२.आ.ब.२०८१/८२ को बेरुजु दफा नं ६० (फरक खर्च शीर्षकमा एकमुष्ट रकम विनियोजन/ खर्च) सम्बन्धी निर्णय:

नेपाल सरकार र प्रदेश सरकारले यस उपमहानगरपालिकालाई उपलब्ध गराउने अनुदान र राजस्व बाँडफाँडको रकमको अनुमानित विवरण बमोजिम बजेट निर्माण हुने र वित्तीय हस्तान्तरण हुँदा अनुमानित सिमा भन्दा कम बजेट निकासा प्राप्त भएकोमा वार्षिक बजेट तथा कार्यक्रम बमोजिम योजना संचालन तथा कार्यक्रम स्वीकृत भएपश्चात भुक्तनी गर्ने समयमा बजेटमा स्रोत अभाव हुँदा निकासा कम भएको र विविध खर्च शीर्षकसँग मिल्दा काममा त्यस्ता विविध शीर्षक प्रयोग गर्न मिल्दो जुल्दो देखिदा उल्लेखित शीर्षकवाट रकम भुक्तानी भएको छ। ती शीर्षकवाट नगरप्रमुख, प्रमुख प्रशासकीय अधिकृतको समन्वय र नगर कार्यपालिकाबाट निर्णयको आधारमा विभिन्न भुक्तानी भएकोले उक्त शीर्षकवाट वितरणमुखी कार्य नभएकोले उक्त बेरुजु नियमित गरी फर्छ्यौटको लागि लेखा समितिको सिफारिस बमोजिम उक्त बेरुजु रकम नियमित गर्ने। नियमित गरिएको रकम रु.५४,९९,७५५ ।

१३.आ.ब.२०८१/८२ को बेरुजु दफा नं ६४.१ (पाडी प्रवर्धन कार्यक्रम सम्बन्धमा)

निर्णय :

दूध उत्पादन वृद्धिको लागि पाडी वितरण कार्यक्रममार्फत लागत सहभागितामा पालिकाबाट कृषकको लागि कार्यक्रमको दिगोपनाका लागि आधार तोकी १५६ जनासँग सम्झौता गरी प्रति पाडी रु.२०,००० का दरले रु.३१,२०,००० तथा बीमा खर्च वापत् रु.६०० का दरले रु.९३,६०० गरी कुल रु.३२,१३,६०० रकम भुक्तानी गरियो। भुक्तानी प्रक्रियामा आवश्यक प्रक्रिया सम्पन्न भएपछि अनुदानग्राहीहरुले कार्य सम्पन्न सँग सम्बन्धित बिल भरपाई, फोटो र वडा कार्यालयको कार्य सम्पन्न सिफारिस सहित पेश गर्नुपर्ने व्यवस्था बमोजिम सम्पूर्ण कागजात पेश भएको तथा उक्त कार्य सँग सम्बन्धित कागजातहरु धेरै भएको हुदा सबै कागजात गोश्वारा भौचरमा संलग्न नगरी सम्बन्धित शाखामा रहेको हुदा लेखा परीक्षणको क्रममा कागजातहरु पशुपंछी विकास शाखामा रहेकोले बेरुजु उल्लेख भएकोहुँदा लेखा समितिवाट उक्त कागजात हेर्दा दुरुस्त देखिएको भनि निर्णय भएकोले उक्त बेरुजु नियमित गरी फर्छयौट गर्ने रकम रु.३२१३६००।००

१४.आ.ब.२०८१/८२ को बेरुजु दफा नं ६७.६ (शिक्षा तर्फ) सम्बन्धी निर्णय:

बुटवल उपमहानगरपालिकाले सेनेटरी प्याडको लागि ठे. नं. ४/२०८०/८१ बाट खरिद गर्दा सो आर्थिक वर्षमा ठेक्का सम्झौता हुन नसकेकोले सोही सूचनालाई आधार मानी पालिकाले ए.पी. हेल्थ संग सम्झौता गरी सम्झौता अनुसार प्रति प्याड रु.२३.८५का दरले रु.२,२३,२८० प्याकेटको रु.६०,१७,५०७.६४ भुक्तानी दिएकोमा उक्त खरिद गरेकोमा कुनै हानी नोक्सानी देखिन नआएकोले रु.६०१७५०७।६४ नियमित गरी फर्छयौट गर्ने ।

१५.आ.ब.२०८१/८२ को बेरुजु दफा नं ७५ (शीर्षक फरक परी खर्च) सम्बन्धी निर्णय :

यस उपमहानगरपालिकाले देहायका खर्च शीर्षक अनुसार खर्च गरेकोमा लेखा समितिले स्रेस्ता अध्ययन गर्दासमेत शीर्षक फरक नपरि सम्बन्धित कार्यमा खर्च भएको रकम भुक्तानी भएको र उपमहानगरपालिकालाइ थप हानी नोक्सानी भएको नदेखिएकोले नियमित गर्न नगरसभालाई सिफारिस गरेकोले तपसिलको ब्यहोरालाई ध्यानमा राखी नियमित एवं सम्परीक्षण भएको ।

| सि न | खर्चहुनुपर्ने शीर्षक | खर्च गरिएको शीर्षक | गरेको कार्य |
|---|---|---|---|
| १ | विज्ञापन सूचना प्रकाशन/प्रसारण | मेयर युवा इलम कार्यक्रम | मेयर युवा इलम कार्यक्रको लागि सूचना आहवान गर्दाको खर्च भएकोले मिलेको छ। |

| सि न | खर्चहुनुपर्ने शीर्षक | खर्च गरिएको शीर्षक | गरेको कार्य |
|---|---|---|---|
| २ | विद्युतीय सामग्री खरिद | मर्मत सम्भार खर्च | मर्मत गरेर संचालन गर्न सकिने विद्युतीय सामानहरु पुन प्रयोगको लागि मर्मत सम्भार गरिएको र विद्युतीय समाग्रीमा बजेट बाकि नरहेको |
| ३ | खेलकुद तथा अतिरिक्त क्रियाकलाप सञ्चालन | मेयर युवा इलम कार्यक्रम | सम्बन्धित शाखाको टिप्पणी आदेश बमोजिम गरिएको । |
| ४ | खेलकुद तथा अतिरिक्त क्रियाकलाप सञ्चालन | मेयर युवा इलम कार्यक्रम | सम्बन्धित शाखाको टिप्पणी आदेश बमोजिम गरिएको । |
| ५ | विद्युतीय उपकरण खरिद | सुकुम्बासी व्यवस्थापन कार्यक्रम | भुमि शाखा र भुमि नापजाँचको लागि जग्गा शाखामा बसेका नापी निरीक्षक अमिन बसेको कार्यकक्षलाई विद्युतीय सामाग्री खरिदको भएकोले मिल्दो देखिन्छ । |
| ६ | विविध खर्च/खाजा खाना | १८ वटा विभिन्न खर्च शीर्षक | सम्बन्धित कार्यक्रम भएकोले भुक्तानी मिलेको देखिन्छ । |

नियमित गरिएको रकम १२,८८,१००

## १६.आ.ब.२०८१/८२ को बेरुजु दफा नं ७६.१ (अन्य निकायको खर्च भुक्तानी)

**सम्बन्धी निर्णय:**

कोष तथा लेखा नियन्त्रक कार्यालय रुपन्देहीको भवन निर्माण कार्यको लागि सिद्धार्थनगर नगरपालिकाको चलानी नम्बर ३२७० मिति २०८२।०३।०१ को पत्र बमोजिम उक्त नगरपालिकाबाट आन्तरिक र अन्तिम लेखा परीक्षण गराउने गरी विनियोजित बजेट शीर्षकबाट वित्तीय हस्तान्तरण गरिएकोले उक्त बेरुजु नियमित गरी फर्छ्यौट गर्ने। नियमित गरिएको रकम रु. ८,००,०००।

## १७.आ.ब.२०८१/८२ को बेरुजु दफा नं ७६.२ (अन्य निकायको खर्च भुक्तानी)

**सम्बन्धी निर्णय :**

उच्च अदालत तुल्सिपुर बुटवल इजलासको ग्राउण्डमा टायल लगाउन यस उपमहानगरपालिकाको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम भित्र रहेर संघीय सरकार अन्तरगतको निकायलाइ vertical वित्तीय हस्तान्तरण गरिएको हो। यसमा कुनै सरकारी हानी नोक्सानी नदेखिएकोले नियमित गरी फर्छ्यौटको लागि नगरसभालाई लेखा समितिले सिफारिस गरेकोले सोही बमोजिम उक्त कार्यको भुक्तानीलाई नियमित गर्ने ।नियमित गरिएको रकम रु११,३६,१४८।५

## ८.आ.ब.२०८१/८२ को बेरुजु दफा नं ७६.३ (अन्य निकायको खर्च भुक्तानी) सम्बन्धमा निर्णयः

नयाँगाउँ प्रहरी चौकीको सम्बन्धमा यस बुटवल उपमहानगरपालिका वडा नम्बर १२ र १३ मा रहेको नजिकको जंगल एरिया र दानव नदी छेउ साथै बस्ति क्षेत्रमा हुने चोरि निकासी तथा सुरक्षालाई मध्यनजर राखी त्यस क्षेत्रका स्थानीय बासिन्दाले पटक/पटक वडा कार्यालय र इलाका प्रहरी कार्यालय बुटवलमा गई प्रहरी चौकी राख्न अनुरोध गरेका थिए। उक्त विषयलाई यस उपमहानगरपालिकाको पहलमा त्यहाँ प्रहरी चौकी स्थापना गर्न सफल भएको र नेपाल प्रहरीको कुनै भवन तथा भौतिक पूर्वाधार त्यस क्षेत्रमा नभएकोले घरभाडा र पानी विद्युतको रकमको लागि उपमहानगरपालिकाबाट भुक्तानी दिन बजेट विनियोजन भएको हुँदा वडा कार्यालयहरूको सिफारिसका आधारमा बजेटको परिधि भित्र रही नियमानुसार कर कट्टिगरी भुक्तानी भएकोले उक्त भाडा र पानी विद्युतको रकम नियमित गरी फर्छ्यौट गर्ने ।नियमित गरिएको रकम रु.४,४६,९१८।-

## .आ.ब.२०८१/८२ को बेरुजु दफा नं ७९.२(उपभोक्ता समिति परिचालन र व्यवस्थापन सम्बन्धमा) निर्णयः

बुटवल उपमहानगरपालिकाले स्थानीय अपनत्वको लागि स्थानीय लाभग्राही समुदायको सहकार्यमा योजना संचालन गर्दै आएको छ।नयागाउँ माध्यमिक विद्यालयको भवन निर्माणको लागि उक्त विद्यालयमा सक्रिय रहेको विद्यालय ब्यवस्थापन समिति मार्फत काम गराइएको थियो।लेखा समितिले फिल्ड भिजिट गर्दा उक्तकार्य रामो रहेको र विद्यालयले आगामी समयमा मर्मत सुधारको जिम्मेवारी ग्रहण गरेकोले उक्त रकम हिंनामिना भएको नदेखिएको भनि नियमित गर्न नगरसभालाई सिफारिस गर्ने निर्णय गरेकोले उक्त रकम नियमित एवं फर्छ्यौट गर्ने।नियमित भएको रकम रु.१७,००,०००।००

**प्रस्ताव नं .१९.३ विविध**

**प्रस्ताव नं . १९.३.१**

**"घ" वर्गको निर्माण व्यवसायी इजाजत सम्बन्धमा ।**

**निर्णय नं १९.३.१**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को छ (१०) तथा बुटवल उपमहानगरपालिकाबाट स्वीकृत "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र

पाण्डा विल्डर्स एण्ड सप्लायर्स प्रा.लि. मध्यपुर ठिमी,भक्तपुरले दुवै स्थानको घाटमा रहेको नदीजन्य पदार्थ विकी तथा ओसारपसार गर्न समय कम भएको र ढुवानी साधन पनि कम हुँदा तोकिएको समयमा उल्लिखित परिमाणको नदीजन्य पदार्थ विकी तथा ओसारपसार गर्न नसकिएकोले मिति २०८३।०४।२० गतेसम्म म्याद थप गरीदिनु हुन भनी मिति २०८३।०३।३१ मा माग अनुरोध भै आएको र थप जरिवाना सहित बढी परिमाणको नदीजन्य पदार्थ विकी तथा ओसारपसार गर्न पनि थप समय लाग्ने देखिएको र वर्षातको समय समेत भएकोले उक्त दुवै स्थानको नदीजन्य पदार्थ विकी तथा ओसारपसार प्रयोजनका लागि मात्र मिति २०८३।०४।२० गतेसम्म म्याद थप गने निर्णय गरियो ।

**प्रस्ताव नं. १९.३.३**

**कार्यविधि निर्माण सम्बन्धमा ।**

**निर्णय नं. १९.३.३**

बुटवल उपमहानगरपालिका अन्तर्गत वडा नं. १ मा रहेको बाघभैरव मन्दिर विगत लामो समयदेखि नगरपालिकाले नै संचालन तथा व्यवस्थापन गरी आएको र उक्त मन्दिरमा अखण्ड दीप प्रज्वलन समेत गर्दै आइएको छ। उक्त मन्दिर जीर्ण भई हाल नयाँ निर्माण गरी सम्म्न भएको र उपमहानगरपालिकाको आफ्नै मन्दिर भएको हुँदा उक्त बाघभैरव मन्दिरलाई थप व्यवस्थित गरी संचालन तथा व्यवस्थापन गर्न कार्यविधि आवश्यक भएकोले कार्यालयबाट बाघभैरव संचालन तथा व्यवस्थापन कार्यविधि निर्माण एवं तर्जुमाका लागि प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. १९.३.४**

**स्वास्थ्य लाभको कामना ।**

**प्रस्ताव नं. १९.३.४**

यस बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाका सदस्य श्री राधा कुमारी पौडेल केही दिन यता देखि अस्वस्थ भई उपचारमा रहनु भएको हुँदा यो बैठक निजको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिंदै प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।

सम्बन्धी कार्यविधि, २०७४ को नियम २ को उपनियम ३ सँग सम्बन्धित अनुसूची ५ बमोजिम योग्यता भए/नभएको सम्बन्धमा गठित सिफारिस समितिबाट नयाँ इजाजतपत्रका लागि सिफारिस भई पेश भएका देहाय बमोजिमका फर्महरुलाई "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

| सि.नं. | फर्मको नाम | ठेगाना |
|---|---|---|
| १ | सोमनाथ ड्रिलिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा. लि. | बुटवल-१३ |
| २ | सान्भिका कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि. | बुटवल-११ |
| ३ | कालिका सुसान निर्माण सेवा प्रा. लि. | बुटवल-१३ |

प्रस्ताव नं. १९.३.२

म्याद थप सम्बन्धमा ।

निर्णय नं. १९.३.२

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट मिति २०८३।०१।२२ मा प्रकाशित सूचना बमोजिम बुटवल उपमहानगरपालिका वडा नं.११ स्थित तिनाउँ नदीको सिर्जनानगर (प्रगतिनगर) घाटबाट नदीजन्य पदार्थ उत्खनन्,संकलन ,घाटगद्दी तथा विकी कार्य गर्नेका लागि बुटवल उपमहानगरपालिका नगरकार्यपालिका र आय ठेक्का नं. ०६/२०८२/०८३/ REVENUE कबोल अंक भ्याट सहित रु.४,६६,२७,०६२।२२ (अक्षरेपी रु. चार करोड छैसठ्ठी लाख सत्ताईस हजार बैसठ्ठी र पैसा बाईस मात्रै) श्री पाण्डा बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि., मध्यपुर ठिमी, भक्तपुर बीच मिति २०८३।०२।२१ मा सम्झौता भई मिति २०८३।०२।२२ गतेको कार्यालयस्तरको निर्णयानुसार मिति २०८३।०२।३१ गतेसम्म मात्र उक्त घाटको ९०२,९०७।८३ घनफुट परिमाण उत्खनन तथा घाटगद्दीको लागि कार्यादेश दिईएकोमा उक्त प्रा.लि.ले नदीजन्य पदार्थको उत्खनन् कार्य मिति २०८३।०२।३१ मा सम्पन्न गरी नापजाँच गरी विकी आदेश तथा ओसार पसारको अनुमति दिनुहुन भनी मिति २०८३।०३।०८ गते अनुरोध माग बमोजिम प्राविधिकबाट नापजाँचको प्राप्त प्रतिवेदन अनुसार मिति २०८३।०३।२३ गतेको कार्यालयस्तरको निर्णयानुसार मिति २०८३।०३।३२ गतेसम्म वडा नं. ११ स्थित रंगशाला पछाडि र वडा नं १७ हरिहरपुर टोल स्थित सार्वजनिक स्थानमा गरी दुवैघाटको १०,९५,४५८.६३ घनफुट परिमाणको नदीजन्य पदार्थ विकी तथा ओसारपसारका लागि मिति २०८३।०३।२५ मा अनुमति दिईएको ।